# सैद्धान्तिक पृष्ठभूमिमा नागरिक-सैन्य सम्बन्ध

केशरबहादुर भण्डारी

नेपालमा लोकतन्त्रको पुनःस्थापनासँगै अति चर्चामा आएका विषयमध्ये एक हो, नागरिक-सैन्य सम्बन्ध । चर्चामा आए पनि नागरिक-सैन्य सम्बन्धसँग जोडिएको 'नागरिक सर्वोच्चता' र सेनामा 'नागरिक नियन्त्रण' बारे सार्थक छलफल र बहस भने कमै भएको पाइन्छ । पछिल्लो समयमा यही मुद्दा राजनीतिक दलहरूबीच असहमतिको मुख्य विषय बन्यो । प्रस्तुत लेखमा नागरिक-सैन्य सम्बन्धबारे केही प्रचलित सैद्धान्तिक घटनाबारे जानकारी दिने र नेपाली सन्दर्भमा यसबारे चर्चा गर्ने प्रयास गरिएको छ ।

इतिहासलाई हेर्ने हो भने नागरिक-सेना सम्बन्धबारे सुन्जु तथा कार्ल फन क्लाउजबीचका रचनाहरूमा उल्लेख भएको पाइन्छ । पछि गएर स्यामुअल हन्टिङ्टन र मोरिस जानोविचले यस विषयलाई बढी प्रचारमा ल्याए । पहिलो र दोस्रो विश्वयुद्धपछि यो विषयले बढी चर्चा पायो । त्यसवेला नागरिक र सेनाबीचको सम्बन्ध तेस्रो विश्वका देशहरूमा मुख्यतः राजनीतिक दर्शनका आधारमा विकास भयो भने विकसित देशहरूमा प्रजातान्त्रिक मान्यताका आधारमा । शीतयुद्धको अन्त्यपछि त यसको बुझाइ तथा अभ्यासमा समेत भिन्नता देखिन

थाल्यो ।[1] शीतयुद्धपश्चात् लडाइँको स्वरूप फेरिएर गैर-राज्य कर्ता (नन-स्टेट एक्टर्स) का कारण आतंककारी गतिविधि, लागु औषधसम्बन्धी अपराध तथा आन्तरिक द्वन्द्वको बढोत्तरी हुन गयो । यससँगै नागरिक-सेना सम्बन्धका पुराना मान्यतामा पनि परिवर्तन आउन थाले ।

दोस्रो विश्वयुद्धपश्चात् एसियाका तीन चौथाइ देशहरूमा सैनिक सरकार थियो । शीतयुद्धको समाप्ति, तत्कालीन सोभियत संघको विघटन र लोकतन्त्रको उदयजस्ता गतिशील परिवर्तनका कारण नागरिक-सेना सम्बन्धको आयाममा पनि परिवर्तन आएको छ । एक्काइसौं शताब्दीको सुरुमा कतिपय दक्षिण अमेरिकी देशहरूमा कम्युनिस्ट पार्टीको पुनःउत्थान भएको छ । नेपालमा पनि लोकतान्त्रिक परिवर्तनसँगै सशक्त कम्युनिस्ट पार्टी नेकपा (माओवादी) उदीयमान छ जसले २०६५–६६ सालमा नौ महिना सरकारको नेतृत्वसमेत गऱ्यो ।

नागरिक-सेना सम्बन्धलाई संकीर्ण हिसाबले हेर्दा यो कुनै पनि समाजको नागरिक शक्ति र सैन्य शक्तिबीचको सम्बन्ध मात्र हो भनेर बुझ्न सकिन्छ । तर बृहत् अर्थमा बुझ्ने हो भने यसले सम्पूर्ण नागरिक समाज र पूरै सैनिक संगठनबीचको सम्बन्धलाई दर्शाउँछ । नागरिक-सैन्य सम्बन्धबारे कुरा गर्दा सेना भनेको के हो भनेर बुझ्न पनि जरूरी हुन्छ । कुनै पनि देशको सिपाही, फौज र सबै सैन्य बललाई सेना भनेर सम्बोधन गरिन्छ र सैनिक बलभित्र स्थल सेना, वायु सेना, जल सेना र 'मरिन' जस्ता विशेष फौजहरू पर्छन् । नेपालको परिवेशमा सेना भन्नाले नेपाली सेना मात्र भनेर बुझ्नुपर्छ ।

सेनाको कामको प्रकृतिले गर्दा यो समाजभित्र रहेर पनि छुट्टै समाजजस्तो भएर बस्ने गर्छ । सामान्यतया आत्मनिर्भर भएर बस्ने भएकोले यसको आफ्नै समाज, अस्पताल, हवाई अड्डा, स्कूल, अध्ययन संस्थान र अन्य आवश्यकताहरू आफ्नै ठाउँमा व्यवस्थित हुन्छन् । सेना र सेनाले सेवा गर्नुपर्ने समाजबीचको सम्बन्ध बुझ्न प्रथमतः सेना कस्तो समाजमा हुर्किएको छ भनेर हेर्नुपर्ने हुन्छ । लडाइँ पर्दा वा संकटको वेला मात्र सेनालाई राष्ट्रिय शक्ति ठानी महत्त्व दिने र

---

[1] दोस्रो विश्वयुद्धपश्चात् सन् १९४५ देखि १९९१ सम्म संयुक्त राज्य अमेरिका तथा पश्चिमा शक्तिराष्ट्रहरू र तत्कालीन सोभियत संघ तथा त्यसका 'उपग्रह' राष्ट्रहरूबीच राजनीतिक द्वन्द्व, सैनिक तनाव तथा आर्थिक प्रतिस्पर्धाको युग रह्यो । यही ४६ वर्षे कालखण्डलाई शीतयुद्धको अवधि भनिन्छ । त्यस समयमा उपर्युक्त दुई महाशक्तिबीच प्रत्यक्ष सैनिक भिडन्त नभए पनि सैनिक गठबन्धन, सामरिक सैन्य परिचालन, आणविक अस्त्रको होडबाजी, 'प्रपोगण्डा', जासुसी, 'प्रोक्सी वार' तथा प्रविधिसम्बन्धी प्रतिस्पर्धात्मक होडबाजीको अवस्था रहिरह्यो ।

शान्ति छाएको वेला यसलाई बोझिलो ठानी खर्च कटौती गर्नेजस्ता मान्यता छ वा छैन भन्ने आधारमा सम्बन्धित समाज र सेनाको सम्बन्ध निर्भर रहन्छ ।

समाजमा दुई थरीका परिवर्तनशील निकाय हुन्छन् । एक, नागरिक (सिभिल) हो भने अर्को सेना (मिलिटरी) हो । यी निकायबीच गतिशास्त्रको आधारमा नागरिक-सेना सम्बन्ध स्थापित भएको हुन्छ । यसको परिभाषा र व्याख्या विभिन्न कालखण्डमा फेरिँदै आएको छ । एउटा परिभाषा यस्तो छ : नागरिक-सेना सम्बन्ध भनेको 'आन्तरिक तथा बाह्य सामाजिक, राजनीतिक, आर्थिक र सैनिकजस्ता परिवर्तनशील विषयको आधारमा, गतिशील र औपचारिक संस्थाभित्रका सञ्चालक – राजनीतिक विशिष्ट वर्ग, सेनाका विशिष्ट वर्ग र आम समाजबीच – को अनौपचारिक सम्बन्ध हो' (एपीसीएसएस सन् २००९) ।

## नागरिक-सैन्य सम्बन्धका सिद्धान्त

नागरिक-सैन्य सम्बन्धबारे थुप्रै सिद्धान्त भए तापनि यस विषयका केही विख्यात लेखकहरू- स्यामुअल हन्टिङ्टन, मोरिस जानोविच, रेवेक्का एल सिफ, केनेथ डब्लु केम्प र चार्ल्स हुडलिनका सिद्धान्तहरूको मात्र यस लेखमा विवेचना गरिएको छ ।

हन्टिङ्टनले आफ्नो प्रख्यात पुस्तक *सोल्जर एण्ड दि स्टेट : दि थ्योरी एण्ड पोलिटिक्स अफ सिभिल-मिलिटरी रिलेसन्स्* मा सेनामाथि नागरिक नियन्त्रणका विभिन्न तरिकाको व्याख्या गरेका छन् ।[२] उनले नागरिक संसार र सैन्य संसार भनी दुईथरी संसारको परिकल्पना गरेका छन् । हन्टिङ्टनले सैनिक संसारमाथि नागरिक संसारको प्रभुत्व कायम राख्न सेनालाई पेसेवर बनाउनुपर्ने धारणा राखेका थिए । यसैलाई वस्तुगत नागरिक नियन्त्रण 'अब्जेक्टिभ सिभिलियन कन्ट्रोल' भनिन्छ । यो सिद्धान्तअनुसार हतियारधारी सैनिक बलमाथि अधिकतम् नियन्त्रण कायम गर्नु भनेकै त्यो सैनिक बललाई पेशेवर बनाउनु हो । अर्थात् सेनालाई सैनिकीकरण गरी राजनीतिक हिसाबले शुद्धीकरण र निरपेक्ष राखी राष्ट्रको औजारको रूपमा परिणत गर्नु हो । यस विपरीत विषयगत नागरिक

---

[२] अमेरिकी राजनीतिशास्त्री स्यामुअल हन्टिङ्टनलाई शीतयुद्धपछिको नयाँ विश्व परिवेशबारे लेखेको *'क्ल्यास अफ सिभिलाइजेशन'* ले निकै प्रख्यात बनायो । यसअघि उनले सेना र नागरिक सरकारबीचको सम्बन्धबारे गरेको अनुसन्धान पनि महत्त्वपूर्ण छ । यसलाई अहिले पनि अमेरिकी नागरिक-सेना सम्बन्धमा प्रभावकारी पुस्तक मानिन्छ (हन्टिङ्टन सन् १९५७) ।

नियन्त्रण अर्थात् 'सब्जेक्टिभ सिभिलीयन कन्ट्रोल' को सिद्धान्तले भने सैनिक स्वायत्ततामाथि कानुनी र संस्थागत प्रतिबन्ध लगाएको पाइन्छ ।

## *विषयगत नागरिक नियन्त्रण*

सामान्य अर्थमा सेनाको शक्तिको न्यूनीकरण भनेकै सेनाको तुलनामा नागरिक समूहको शक्तिको बढोत्तरी हुनु हो । नागरिक समूहको शक्ति उच्चतम बनाउने अभ्यासको नाउँमा सदैव केही समूहको मात्र शक्ति वृद्धि हुने गरेको पाइन्छ । २०४७ सालमा प्रजातन्त्रको पुनःस्थापनापश्चात् नेपालमा पनि यही अवस्था थियो । हामीकहाँ ठूलो संख्यामा रहेको नागरिक समूह भनेको राजनीतिक दल, विभिन्न शक्ति समूह, परिवर्तनबाट प्रभाव पर्ने समूह, नागरिक समाज र कर्मचारी समूह हुन् । यही हिसाबमा राजा र उनी वरिपरिका भारदार, राजनीतिक दल तथा नेताहरूको शक्ति पनि वेलाबखत बढ्ने गरेको पाइन्थ्यो । यसैलाई हन्टिङ्टनले विषयगत नागरिक नियन्त्रण भनेका हुन् ।

विषयगत नागरिक नियन्त्रणभित्र नागरिक समूहहरूबीचको शक्ति सम्बन्ध हुन्छ र एक समूहले अर्को समूहको शक्ति निस्तेज पार्नेमा आफ्नो शक्ति प्रयोग गर्छन् । सेनामाथि शक्ति कायम गर्न नसक्ने समूहले साधारणतया सेनासँग सम्बन्ध भएको अर्को समूहसँगको संघर्षको लागि 'नागरिक नियन्त्रण' को नारा दिने गर्छन् । यसैले कुन समूहले सेनामाथि नियन्त्रण जमाउने हो भन्ने प्रश्न नै अहम् हुने हन्टिङ्टनको तर्क छ ।

सरकारी संस्थाद्वारा नागरिक नियन्त्रण : केही वर्षअघि सम्म नेपालमा भएजस्तै १७ औं र १८ औं शताब्दीमा बेलायत र अमेरिकामा साधारणतया सैनिक शक्ति राजतन्त्रअन्तर्गत हुन्थ्यो । त्यहाँका संसदीय समूहहरूले राजतन्त्रको तुलनामा आफ्नो शक्ति बढाउन 'नागरिक नियन्त्रण' को नारा दिएका थिए । सैनिक शक्तिमाथि 'नागरिक नियन्त्रण' भन्दा पनि 'संसदीय नियन्त्रण' बढाउनु उनीहरूको उद्देश्य थियो, ताकि सेनाको शक्ति नघटाइकनै राजाको शक्ति घटाउन सकियोस् । नेपालमा पनि गणतान्त्रिक परिवर्तनसँगै यस्तै किसिमको अभ्यास सुरु गरिएको छ ।

सामाजिक वर्गद्वारा नागरिक नियन्त्रण : १८ औं र १९ औं शताब्दीमा युरोपका सामन्तहरूले आफ्नो स्वार्थका लागि नागरिक नियन्त्रणको नाउँमा सेनामाथि नियन्त्रण राख्ने प्रयास गर्थे । यसै गरी १९ औं र २० औं शताब्दीमा नेपालका शाह, थापा, पाण्डे, बस्न्यात, कुँवर, राणालगायत सामन्त र प्रभावशाली

मध्यमवर्गीयहरूले पनि सेनामाथि नियन्त्रण राख्ने प्रयास गरेका थिए । तर यस्तो प्रयास युरोपमा जस्तै 'नागरिक नियन्त्रण' को नाममा भने भएको थिएन ।

संवैधानिक तरिकाद्वारा नागरिक नियन्त्रण : नागरिक स्वार्थविशेषका कारण कुनै खास संवैधानिक तरिका मात्र सेनामाथि नियन्त्रणको लागि उपयुक्त हुन्छ भन्ने दाबी पनि गरिन्छ । यसमध्ये 'प्रजातन्त्र' एक हो र प्रजातन्त्रले मात्र 'नागरिक नियन्त्रण' को अभ्यासलाई निश्चित गर्न सकिन्छ भन्ने एउटा दाबी हो ।

साधारणतया प्रजातन्त्रमा नागरिक नियन्त्रण कायम रहन्छ भने निरंकुश तथा एकदलीय पद्धतिमा सैनिक नियन्त्रण हाबी हुन्छ भन्ने मान्यता छ । नेपालमा प्रजातन्त्र आएपछि पनि प्रजातान्त्रिक अभ्यासलाई उपयुक्त ढंगबाट सञ्चालन गर्न नसकेका कारण चाहेजस्तो नागरिक नियन्त्रण कायम हुन सकेको छैन । पञ्चायती व्यवस्था निर्दलीय प्रणाली भएका कारण धेरै हदसम्म सेनाको आडमा राजाको नियन्त्रण कायम थियो भने प्रजातन्त्रको पुनःवहालीपश्चात् पनि तत्कालीन राजा ज्ञानेन्द्रको पालामा २०६१ माघ १९ पछि करिब १५ महिना अप्रत्यक्ष रूपमा राजाद्वारा 'सैनिक नियन्त्रण' कायम गरियो ।

यसै गरी कम्युनिष्ट विचारधाराअनुसार माओवादी पार्टीले पूर्ण बहुमत ल्याउन सकेको खण्डमा सैनिक नियन्त्रण कायम हुनसक्ने तर्क पनि प्रशस्तै सुन्ने गरिन्छ । यही सन्दर्भमा यो पनि भन्ने गरिन्छ कि साधारणतया प्रजातन्त्रमा भन्दा एकदलीय पद्धतिमा सेना धेरै शक्तिशाली हुन्छ । तर एकदलीय पद्धति भएका देशहरूमा पनि सेनाको शक्ति घटाउन अनेक प्रयास गरेको पाइन्छ ।

## *वस्तुगत नागरिक नियन्त्रण*

हन्टिङ्टनले वास्तविक अर्थमै सेनाको व्यावसायिकतामा अत्यधिक वृद्धि गर्ने धारणासहित वस्तुगत नागरिक नियन्त्रणको सिद्धान्त अगाडि सारेका थिए । यसको अर्को आयाम भनेको सेना र नागरिक समूहबीच राजनीतिक शक्तिको सन्तुलित बाँडफाँट पनि हो । यस्तो राजनीतिक शक्तिको वितरणले सेनाको अधिकृत समूहमा व्यावसायिक भावना र बानी विकास गर्न अनुकूलता प्रदान गर्छ ।

विषयगत नागरिक नियन्त्रणअन्तर्गत सेनालाई नागरिकीकरण गरी नियन्त्रण गर्ने उद्देश्य प्राप्त गरिन्छ भने वस्तुगत नागरिक नियन्त्रणमा सेनालाई अझ सैनिकीकरण गरी सोही उद्देश्य प्राप्त गरिन्छ । यसरी सैनिकीकरण गर्दा सेनालाई सचेत, जिम्मेवार र उत्तरदायी बनाइन्छ । सारमा भन्नु पर्दा वस्तुगत नागरिक

नियन्त्रणले सेनाको स्वायत्त व्यावसायिकतालाई मान्छ, जसले सेनालाई राजनीतिमा सचेत, पेसाप्रति जिम्मेवार तथा उत्तरदायी बनाउँछ ।

माथि उल्लिखित हन्टिङ्टनको 'इन्स्टीच्युसनल थ्योरी' बाहेक अन्य केही सैन्य सिद्धान्त पनि संसारमा प्रचलित छन् । जस्तै मोरिस जानोविचले सन् १९६० को दशकमा प्रतिपादन गरेको 'कन्भर्जेन्स थ्योरी' ले सैनिक संस्कृतिभित्र समाजको व्यापक प्रभाव बढाउनुपर्ने कुरालाई विशेष प्रोत्साहन गर्छ । हन्टिङ्टन र जानोविच दुवैले सैनिक संसार र नागरिक सरकार एक आपसमा फरक भएको मान्छन् । हन्टिङ्टनले यी दुईबीचको फरकलाई नियन्त्रण गर्ने सिद्धान्तको वकालत गर्छन् भने जानोविचले यी दुईबीचको फरक घटाउने सिद्धान्तको वकालत गर्छन् ।

दोस्रो विश्वयुद्धपछि शीतयुद्धको समयमा धेरै राष्ट्रहरूको आन्तरिक राजनीतिमा सैनिक हस्तक्षेपका कारण परिवर्तन आयो । यसरी प्रजातन्त्रमा खतरा बढेपछि अन्य मुलुकहरूको नागरिक-सेना सम्बन्धमा प्रभाव पार्न अमेरिकी सैद्धान्तिक तथा प्रयोगात्मक पहुँचको विकास भयो । यसैलाई 'करेन्ट थ्योरी' भनिन्छ । यो सिद्धान्तको केन्द्र भनेको नागरिक र सैनिक संस्थालाई छुट्ट्याएर राख्नु हो (सिफ सन् १९९५) ।

वैचारिक तथा भौतिक हिसाबले पनि नागरिक र सैनिक संसारलाई अलगअलग राख्नुपर्छ भन्ने सिद्धान्तहरूबीच रेवेक्का एल सिफले वैकल्पिक सिद्धान्तको रूपमा नयाँ 'थ्योरी अफ कन्कोर्डेन्स' प्रस्तुत गरिन् । करेन्ट थ्योरीले सेनालाई भौतिक तथा वैचारिक हिसाबले पनि राजनीतिक संस्थाहरूबाट अलग राख्नु पर्छ, तब मात्र आन्तरिक सैनिक हस्तक्षेप रोक्न सकिने ठान्छ । यसै गरी यो सिद्धान्तले सेना राजनीतिक निर्णय दिने काममा संलग्न हुनु हुँदैन पनि भन्छ । जबकि 'सहमतिको सिद्धान्त' ले तीन साझेदार- सेना, राजनीतिक विशिष्ट वर्ग र नागरिक समुदायबीच सहयोगात्मक सम्बन्ध राख्ने उद्देश्य हुनुपर्ने वकालत गर्छ । यसले राजनीतिक र सैनिक संस्थालाई छुट्ट्याउने वा नछुट्ट्याउने भन्नेबारे खासै महत्त्व दिंदैन ।

## नागरिक सर्वोच्चता तथा निजामती नियन्त्रण

केम्प तथा हुडलिनका अनुसार नागरिक सर्वोच्चताको सिद्धान्त भनेको एङ्लो-अमेरिकन प्रणालीअनुरूप चल्ने सरकारको एउटा अति महत्त्वपूर्ण सिद्धान्त हो (केम्प र हुडलिन सन् १९९२) । नागरिक सर्वोच्चताको सिद्धान्तले के भन्छ भने सेनाको जिम्मेवारी भनेको देशको रक्षा गर्ने हो, राज्य सञ्चालन गर्ने होइन । यसैकारण सेनालाई सजगताका साथ निम्न तीन जिम्मेवारीबाट अलग राखिएको हुन्छ : दैनिक प्रहरीको काम, न्यायालय सञ्चालनको काम र नीति निर्माणको

काम । अर्थात् नागरिकले नीति बनाउने र सेनाले यसलाई लागु गर्ने मात्र हो । नागरिक नियन्त्रणको सिद्धान्तले निम्न कुराको वकालत गर्छ :

(१) सरकारी नीतिको लक्ष्य/साध्य नागरिक अधिकारीहरूद्वारा स्थापित गरिन्छ र सेनालाई लक्ष्य प्राप्ति गर्ने साधनसम्बन्धी निर्णय गर्ने कार्यमा मात्र सीमित गरिन्छ । अर्को शब्दमा भन्ने हो भने सेना नीति निर्माता होइन, यो नीति कार्यान्वयनकर्ता मात्र हो ।

(२) यसै गरी लक्ष्य/साध्य र साधनबीचको रेखा अर्थात् नागरिक र सेनाको जिम्मेवारीबीचको रेखा कहाँ छुट्ट्याउने भन्ने निर्णय पनि नागरिक नेतृत्वले नै गर्छ ।

तर राजनीतिक कारणबाट प्रेरित भई नागरिक नेतृत्वको आदेशको अवज्ञा गरिएका अनेक उदाहरण छन् । नागरिक नियन्त्रणको सिद्धान्तलाई सेनाले बेवास्ता गरी संसारभर चर्चामा आएको घटना भने जनरल डगलस मकार्थरको हो ।[३] माथिल्ला नागरिक अधिकारीप्रति जनरल मकार्थरको प्रतिरोधात्मक जिकिर चाहिं लडाइँको बखत हरेक राष्ट्रको लक्ष्य भनेको तुरुन्त र पूरै विजय हासिल गर्नु हुन्छ भन्ने थियो र यही धारणाबाट प्रेरित भई उनले अवज्ञा गरेका थिए । त्यस्तै भियतनाममा गोप्य बमवर्षा गर्ने जनरल लाभेलको निर्णय पनि अवज्ञाको अर्को उदाहरण हो ।[४]

उपर्युक्त दुवै घटनामा जर्नेलहरूले राष्ट्रपतिले लडाइँ लड्ने विषयमा लगाएको प्रतिबन्धको अवज्ञा गरेको पाइन्छ । दुवै जर्नेलहरू नागरिक अधिकारीहरूको नीति तर्कसंगत नभएको र त्यसलाई मान्दा अमेरिकी सेनाको जीवन खतरामा पर्छ भन्नेमा विश्वस्त थिए । तर त्यहाँनेर कुनै उच्च संकट पनि थिएन र विद्रोह नै गर्नुपर्ने खासै आधार देखिँदैन थियो । यस अवस्थामा जर्नेलहरूले अवज्ञा गर्नुको बदलामा सरल ढंगबाट राजीनामा दिन सक्थे वा अन्यत्र नियुक्तिका लागि अनुरोध गर्न सक्थे ।

---

[३] जनरल मकार्थर दोस्रो विश्वयुद्धका प्रख्यात नायक हुन् । त्यस वेलाका अमेरिकी राष्ट्रपति ह्यारी ट्रुमनको विरोध हुँदाहुँदै पनि उनले कोरियाली युद्धलाई बढाउनुपर्छ तथा एटम बमको प्रयोग पनि गर्नुपर्छ भनेर सार्वजनिक रूपमै जिद्दी गरेका थिए । यही जिद्दीका कारण जनरल मकार्थरलाई कमाण्डबाट हटाइएको थियो ।

[४] अमेरिकी राष्ट्रपति लिण्डन जोन्सनले ३१ अक्टोबर १९६८ मा उत्तरी भियतनाममाथि आक्रमण रोक्ने निर्णय गरे पनि एयर फोर्स जनरल जोन डी लाभेलले गोप्य कारबाही जारी राखेका थिए ।

अवज्ञाका अन्य घटना पनि छन् । जस्तो फ्रान्सका जनरल चार्ल्स दिगालबाट फ्रान्सेलीहरूले जर्मनीविरूद्ध हतियार उठाउन हुन्न भन्ने पेटिनको आदेशको अवज्ञा भएको थियो ।[५] त्यस्तै भारतका फिल्डमार्सल साम मानेक्शाले वर्षाको मौसममा तत्कालीन पूर्वी पाकिस्तान (हालको बंगलादेश) माथि हमला गर्नु भन्ने प्रधानमन्त्री इन्दिरा गान्धीको आदेशको अवज्ञा गरेका थिए ।[६] जनरल दिगालको घटनामा त्यस बखत फ्रान्समा उच्च संकटको अवस्था भएकाले सेनाको संलग्नताको विपक्षमा दिइने नागरिक आदेशको साधारण नियम खारेज गर्न सकिने थियो । दोस्रो कुरा त्यस वेलाको भिन्ची सरकार फ्याँक्न/अपदस्थ गर्न लायक पनि थियो । यिनै कारणले जनरल दिगालको अवज्ञा न्यायसंगत हुन गयो ।

त्यस्तै वर्षाको मौसममा पूर्वी पाकिस्तानमा हमला गर्नु आत्मघाती हुने भएकोले बृहत् राष्ट्रिय स्वार्थको लागि फिल्डमार्सल मानेक्शाबाट भएको आदेशको अवज्ञा पनि न्यायसंगत प्रमाणित भयो । कारण, पछि यही आदेशलाई सुख्खा मौसमको वेलामा कार्यान्वयन गरी मानेक्शाले सफलता हासिल गरेका थिए ।

## सैन्य बलमाथि प्रजातान्त्रिक नियन्त्रण

हन्टिङ्टनको भनाइअनुसार सैनिक पेसाबारे पहिलो सैद्धान्तिक तर्क तयार पार्दा क्लोउजविचले पनि नागरिक नियन्त्रणको पहिलो सैद्धान्तिक औचित्य/सफाइ पेस गरेका थिए । नागरिक नियन्त्रणबारे क्लाउजविचले पेस गरेको औचित्यको आधार चाहिं लडाइँसम्बन्धी आफ्नो बुझाइ र लडाइँमा सफलता पाउन के गर्नुपर्छ भन्ने जस्ता विश्लेषणमा आधारित थिए । अरूले भन्दा क्लाउजविचले सुरक्षालाई मुख्य मुद्दा बनाएका थिए । लडाइँ कहिले गर्नुपर्छ, कसरी लड्नुपर्छ र यसका लागि

---

५ दोस्रो विश्वयुद्धमा १९४० जुनमा फ्रान्स सैन्य हिसाबले एकदम हतोत्साही अवस्थामा पुगेको थियो । निश्चित समयका लागि युद्ध रोक्न आर्मीटिसको मागको दबाब खेप्न नसकी प्रधानमन्त्री पाउल रेमोण्डले राजीनामा दिएपश्चात् फिलीप पेटेन प्रधानमन्त्री भए । पेटेनले उत्तरी अफ्रिकामा लडाइँ नगर्ने गरी आर्मीटिसको प्रस्ताव अघि सारेपछि उपनिवेशमा रहेका सेनाहरूले विरोध गरे । जनरल दिगालले पेटेनको आदेशको आधिकारिक ढंगबाटै विरोध गरेर रेडियोमार्फत लडाइँ जारी राख्ने घोषणासहित सरकारको आदेशको अवज्ञा गर्न अरूलाई समेत प्रेरित गरे ।

६ तत्कालीन पूर्वी पाकिस्तानमा मनसुनका वेला झण्डै ६०/७० प्रतिशत जमिन डुबानमा हुने तथा नदीहरू बाढीका कारण तर्न नसकिने भएकाले भारतीय सेना लडाइँमा जान नसक्ने भएका कारण पूर्वी पाकिस्तानमा आक्रमण गर्ने तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीको आदेशलाई सेनाप्रमुख जनरल साम मानेक्शाले उपयुक्त वेला नभएको भनी टारेका थिए । तर सुखा मौसम आएपछि पूर्ण तयारीका साथ आक्रमण गरी आदेशको पालनासहित विजय हासिल गर्न सफल भएका थिए । यसरी सन् १९७१ मा भारत-पाक युद्धको फलस्वरूप बंगलादेशको जन्म भयो ।

राजनीतिज्ञ र सैनिक अधिकृतबीच कस्तो किसिमको सम्बन्ध उपयुक्त हुन्छ भन्ने कुरा उनको विश्लेषणको केन्द्र थियो ।

एउटा स्वीस संस्था 'डिक्याफ' ले सैनिक बलमाथि प्रजातान्त्रिक नियन्त्रणलाई यसरी परिभाषित गरेको छ : "सैनिक बल र समाजबीचको सम्बन्धलाई निर्धारण गर्ने मान्यता र मापदण्डलाई सैनिक बलमाथिको प्रजातान्त्रिक नियन्त्रण भनेर बुझिन्छ । यसमा सैनिक बलहरू प्रजातान्त्रिक ढंगबाट चुनिएका अधिकारीहरूको अधीनमा रहनुको साथै न्यायिक तथा सञ्चारमाध्यम र नागरिक समाज, संगठनहरूको निगरानीमा पनि रहन्छन् (भान ईकेलेन सन् २००२) ।"[७]

प्रजातान्त्रिक शासन व्यवस्थामा संसदीय र न्यायिक संस्थालगायत बलियो नागरिक समाज र स्वतन्त्र सञ्चारमाध्यमहरूले पनि सेनाले गरेका कार्यमाथि निगरानी राख्ने गरेका हुन्छन् । यस किसिमको अभ्यासले सेनालाई आफूले गरेको कामप्रति आमजनता र सरकारका अगाडि उत्तरदायी बनाउँछ । यसबाट सेनाले गर्ने निर्णय तथा कार्यमा पारदर्शिता ल्याउन पनि सघाउ पुग्छ ।

प्रजातान्त्रिक नियन्त्रणका प्रमुख दुई नमुना यसप्रकार छन । एउटा, नियन्त्रण लागु गर्ने तरिकाको आधारमा, जस्तो :

- ठाडो नियन्त्रण : सेनामा माथिबाट तल लागु गरिने नियन्त्रण ।
- समतलीय नियन्त्रण : अनौपचारिक रूपमा सञ्चारमाध्यम र नागरिक समाज संगठनहरूद्वारा रक्षा नीतिहरूमा प्रभाव पार्ने कार्य ।
- स्वनियन्त्रण : नियमहरूको पालनासहित सेनाले गर्ने न्यायसंगत कामहरू ।

अर्को, नियन्त्रण लागु गर्ने समयको आधारमा, जस्तो :

- पूर्वक्रियात्मक नियन्त्रण : भविष्यमा आउनसक्ने समस्यालाई सम्बोधन गर्न सक्ने किसिमको कदम ।
- प्रतिक्रियात्मक नियन्त्रण : कुनै कार्य वा निर्णयपश्चात् गरिने कदमहरू यसमा पर्छन् । जस्तो रक्षा नीतिको पुनरावलोकन, त्यस्तै खर्चको लेखा परीक्षण आदि ।

---

[७] दी जेनेभा सेन्टर फर डेमोक्रयाटिक कन्ट्रोल अफ आर्मड फोर्सेज (डिक्याफ) २०५९ सालमा स्वीस सरकारले स्थापना गरेको हो । यसको उद्देश्य असल शासनको प्रवर्द्धन गर्नु तथा प्रजातान्त्रिक मापदण्डको आधारमा सुरक्षा क्षेत्रको सुधार गर्नु हो भनिएको छ । '

- कारबाहीको दौरान गरिने नियन्त्रण : यस्तो नियन्त्रण सैनिक कारबाही चलिरहेको वेला गर्नुपर्ने हुन्छ । यसमा सैनिक चेन-अफ-कमाण्डको निर्णयमाथि राजनीतिक हस्तक्षेपजस्ता विषय पर्न आउँछन् ।

## नेपालमा नागरिक-सेना सम्बन्ध

नेपालमा नागरिक-सैन्य सम्बन्धको एउटा छुट्टै परम्परा रहँदै आएको छ । मुलुक एकीकरणपूर्व समेत राष्ट्रिय मुद्दा र जनताका हितका विषयहरूमा राजा, मन्त्री, भारदार र सैनिक कमाण्डरहरूबीच सल्लाह-समझदारी हुने गरेको थियो । एकीकरणको अभियानमा त्यसले थप निरन्तरता पायो । एउटा साधारण नागरिकले पनि त्यसवेला राजा अर्थात् शासक, सेनाका सर्वोच्च कमाण्डर तथा नागरिक अधिकारीका प्रमुखसँग सीधा सम्पर्क राख्ने अवसर पाउँथे र राष्ट्रिय विषयमा चासो राख्न सक्थे । उदाहरणका लागि एउटा दलितले राजा पृथ्वीनारायण शाहले सोचेको सैनिक अभियानलाई सघाउन एक रुपियाँ चढाई त्यसैअनुसार सबै नागरिकसँग रकम उठाउन सकिने सामरिक सल्लाह दिएको इतिहासमा लेखिएको छ ।[८] यो एउटा नागरिकले राज्यप्रति देखाएको उच्च कोटिको सम्बन्धको नमुना र त्यसवेलाको हिसाबले नागरिक-सेना सम्बन्धको एउटा विशिष्ट उदाहरण पनि हो ।

एकीकरणपूर्वको अवस्थामा सबै जनता लडाइँको वेला सिपाही भएर राजा र सैनिक कमाण्डरहरू सँगसँगै लड्ने गर्थे । एक किसिमको सौहार्दता र राष्ट्रप्रतिको जिम्मेवारीसहितको सम्बन्ध थियो त्यो । त्यसवेला पृथ्वीनारायण शाहको दृष्टिअनुसार एकीकरणको लागि सैनिक अभियानको वेला थियो । एक किसिमबाट अनिवार्य सैनिक सेवा 'कन्सक्रिप्सन' को अभ्यास थियो र यसैअनुकूल 'सबै सिपाही नागरिक र सबै नागरिक सिपाही' भन्ने जस्तो नारा र विश्वासको वातावरण सिर्जना भएको देखिन्छ ।

पृथ्वीनारायण शाहपछिको एकीकरण र विस्तार अभियानमा प्रभुत्वशाली भारदारमध्येका केही विशिष्ट समूह (पाण्डे, थापा, बस्न्यात, कुँवर-राणा) को नेपालको राजनीति र सेनामा विशेष प्रभाव रहन गयो । त्यससँगै नातावाद, कृपावाद र चाकडीजस्ता कुप्रथा सुरु भयो । १०४ वर्ष लामो राणाकालमा

---

[८] एकीकरण अभियान थाल्न खर्च जुटाउने पृथ्वीनारायण शाहको सुर्ता बुझेर गोर्खाका एक दलित बिषे नगर्चीले एक रुपियाँ राखी दर्शन गरी यसै गरी सबै घरधुरीबाट रकम संकलन गर्न सकिने भनी सल्लाह दिएको कहावत इतिहास शिरोमणी बाबुराम आचार्यले उल्लेख गरेका छन् (आचार्य २०६१) ।

नागरिक-सेना सम्बन्ध खास गरी शासकहरूबीच षड्यन्त्र, छलकपट र जालझेलकै खेलमा सीमित रह्यो । देशभर शासक र शासित गरी दुई वर्ग स्थापित हुन पुगे । त्यसवेलाको नागरिक-सेना सम्बन्ध मालिक र रैतीबीचको सम्बन्धजस्तो मात्र थियो ।

सैद्धान्तिक हिसाबले तुलना गर्नुपर्दा एकीकरण अभियानदेखि राणा शासन कालसम्म एक किसिमको मिश्रित नागरिक-सेना सम्बन्ध रहेको भन्न सकिन्छ । त्यस वेला हन्टिङ्टनको वस्तुगत नागरिक नियन्त्रण, जानोविचको कन्भर्जेन्स थ्योरीअन्तर्गत कन्स्टाबुलरी सिस्टम र सिफको कन्कोर्डेन्स सिद्धान्तअनुरूप सेना, राजनीतिक विशिष्ट वर्ग र नागरिक समुदाय तिनै साझेदारबीचको सहमति आदि विभिन्न सिद्धान्तको मिश्रित प्रयोग भएको निष्कर्ष निकाल्न सकिन्छ । तर २००७ सालमा प्रजातन्त्रको सुरुआतसँगै नेपालमा विशेषतः विषयगत नागरिक नियन्त्रणको अभ्यास भएको पाइन्छ ।

२००७ सालपछि सेना आफैं राजनीतिक हिसाबले सशक्त नभई उसले अरूलाई शक्तिशाली बनाउने काम गऱ्यो । त्यस वेला पनि सेनामा राणा, शाह र अरू केही विशिष्ट समूहको प्रभाव थियो । शासन व्यवस्था राजाको प्रत्यक्ष निगरानीमा रहेको र उनकै संरक्षकत्वमा सेना रहेकाले तत्कालीन शाही नेपाली सेना निजामती कर्मचारीतन्त्रको अधीनबाट अलग रही एक किसिमले समाजभित्रकै अर्को समाजको रूपमा विकसित भयो ।

तत्कालीन राजा महेन्द्रको पालामा सेना बिस्तारै बाह्य संसारको सम्पर्कमा पनि आयो । अधिकृत समूहमा आम जनताको सहभागिता र संख्यामा पनि वृद्धि भयो । २०२५ सालदेखि मुलुकभित्रै सैनिक एकेडमीबाट सैनिक अधिकृतहरू 'कमिसन' हुन थाले । यद्यपि नागरिक सर्वोच्चता र सेनामाथि नागरिक नियन्त्रणको अभ्यास त्यसवेला पनि वास्तविक अर्थमा भएको पाइँदैन ।

२०४६ सालको परिवर्तनपछि नयाँ संविधानले सेनामाथि नागरिक नियन्त्रणको व्यवस्था गरे पनि यो अवसरलाई निजामती अधिकारी तथा सरकार सञ्चालन गर्ने राजनीतिक नेताहरूले सदुपयोग गर्न सकेनन् । प्रजातान्त्रिक चुनावबाट आएको सरकारले संविधानकै आधारमा सेनामाथि नियन्त्रण जमाउन सक्ने अवस्था थियो, तर सेनाको विषयमा चासोसमेत देखाउन सकेन । निर्वाचित सरकारहरूले सेनालाई आफ्नो विश्वासमा लिने प्रयास कहिल्यै गरेनन् ।

२०४७ पछिको १० वर्ष अवधिलाई नेपाली सेनाले 'अभावको दशक' भनेर सम्झन्छ । त्यस अवधिमा सेनालाई होच्याउने काम मात्र भएन कि, पाउँदै आएको आधारभूत आवश्यकता जस्तो लुगा-कपडा, मण्डी, बुट, बासस्थान, तालिम-भत्ता

र अन्य सुविधाहरूबाट पनि वञ्चितजस्तै गरियो । सेनाको आधारभूत 'मोराल' मा समेत असर पार्ने कामहरू गरिए । सरकारले विश्वासमा लिने काम गर्न नसकेपछि सेना पनि आफ्नो स्वार्थको संरक्षणार्थ अभिभावकको खोजीमा राजाको नजिक हुन थाल्यो । हुनत राजाबाट पनि सेनाले प्रत्यक्ष लाभ केही पाएको थिएन, तापनि एक किसिमको संरक्षकत्व भने पायो । प्रजातान्त्रिक सरकार र सेनाबीचको सम्बन्ध चाहिं कामचलाउ मात्र रह्यो ।

राजाप्रति मात्र बफादार भनी किटानी गरिएको सेनाले आवश्यक पर्दाखेरि राजाको समर्थनमा उभिन र राजसंस्थालाई जोगाउन चाहिं सकेन । यसबाट के पुष्टि हुन्छ भने नेपाली सेनाको देश र जनताप्रतिको अटल बफादारिताबाहेक अरूप्रतिको बफादारिता भनेको अनुकूलताको बफादारिता मात्र हो ।

## घटना विश्लेषण

नेपालको परिवेशमा नागरिक सर्वोच्चता र सेनामाथि नागरिक नियन्त्रणको विषयमा प्रकाश पार्न केही घटनालाई उदाहरणका रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

### *दुनै घटना*

२०५७ असोज ९ गते डोल्पा जिल्लाको सदरमुकाम दुनैमा नेकपा (माओवादी) ले जिल्ला प्रहरी कार्यालयलाई मुख्य निशाना बनाई आक्रमण गर्दा नजिकै रहेको सेनाको गुल्म स्तरको ब्यारेकलाई पनि वरिपरिको डाँडाबाट फायरद्वारा व्यस्त राखिएको थियो । रातभरिको विध्वंसपश्चात् भोलिपल्ट बिहान ध्वस्त सदरमुकाम र मृत प्रहरीहरू छाडी लुटिएका हतियार गोलीगट्ठासहित विजयी मानसिकतामा माओवादी बाटो लागेका थिए ।

नजिकै रहेको सेनाले रातभर सदरमुकाम तहसनहसको घटना परैबाट हेरी आफ्नो ब्यारेकको मात्र सुरक्षा गर्नमा बितायो । माओवादीको प्रतिकार गर्न तथा प्रहरीलाई सहयोग गर्न ब्यारेकबाट सेना निस्केन । भोलिपल्ट स्थलगत भ्रमणपश्चात् तत्कालीन गृहमन्त्री गोविन्दराज जोशीले सेनाप्रति नकारात्मक तथा आलोचनात्मक टिप्पणीसहित सेनाकै औचित्यबारे प्रश्न उठाए । गृहमन्त्रीले सेनाप्रति गरेको टिप्पणीका कारण पछि पदबाटै राजीनामा दिनुपर्‍यो ।

नेपाली सेनाले सुरूदेखि नै माओवादीविरूद्ध सेना परिचालन हुनको लागि सबै पार्टीको नभए पनि मुख्य पार्टीहरूको सहमति खोजेको थियो । सर्वदलीय सहमतिबेगर आत्मरक्षाको लागि बाहेक अरू वेला माओवादीविरूद्ध परिचालन नहुने सेनाको अडान

पछिसम्म पनि कायम रह्यो । यस अडानमा सेनाको आफ्नै तर्क थियो । हरेक राजनीतिक दलले सरकारमा जान र पुगेपछि टिकिरहन माओवादी मुद्दालाई प्रयोग गर्ने गरेको अवस्थामा कुनै पार्टीविशेषको सरकारले परिचालन गरेको सेना अर्को पार्टीले फिर्ता बोलाउन सक्ने सम्भावनासमेत थियो । त्यसैले माओवादी समस्या यदि राष्ट्रिय समस्या नै हो भने यो सबै दलहरूको साझा मुद्दा हुनुपर्ने र सेना परिचालन गर्न सर्वदलीय सहमति हुनुपर्ने सेनाको तर्क थियो ।

एकपटक परिचालन भएपछि सरकारले दिएको विशेष काम फत्ते नगर्दै ब्यारेक फिर्ता हुनुपर्ने अवस्था आएमा आफ्नो विश्वसनीयतामा धब्बा लाग्न सक्ने सेनाको अर्को चासो थियो । सेना परिचालन भएमा यसलाई निरन्तर सहयोग र सम्भार हुनुपर्ने भएकोले यसको सुनिश्चित गर्न पनि सेनाले सर्वदलीय सहमति खोजेको थियो । सेनाको यस्तो अडान पछाडि तत्कालीन राजाको पनि समर्थन रहेको बुझ्न गाह्रो छैन ।

सेनाले संविधानमा तोकिएको प्रावधानअनुसार नै आफ्नो परिचालन हुनुपर्ने अडान राखेको थियो । उपर्युक्त कारणहरूबाट दुनैमा सेना परिचालन हुन सकेन । जंगी अड्डा संवैधानिक प्रावधानका कारण आदेश दिन सक्ने अवस्थामा थिएन । क्षेत्रीय कमाण्डर पनि जंगी अड्डाको स्वीकृतिबेगर आदेश दिन सक्ने अवस्थामा थिएनन् । दुनैको ब्यारेक आदेशको प्रतीक्षामा रह्यो तर आदेश नपाएर बाहिर निस्कन सकेन ।

दुनैमा घटना भइरहँदा डोल्पाका प्रमुख जिल्ला अधिकारी, जो जिल्लाकै सुरक्षा प्रमुख भए तापनि केही गर्न नसक्ने अवस्थामा हुनु स्वाभाविक थियो । जिल्लाकै सुरक्षा अंगमध्येको सबभन्दा बलियो अंग सेना न्यायिक हिसाबमा नभए पनि नैतिक हिसाबमा जिल्ला प्रशासन र खास गरी प्रहरीको सहयोगमा बाहिर निस्कनुपर्ने थियो । यसो गर्दा स्थानीय सैनिक कमाण्डरको जागिरमा तलमाथि पर्न सक्थ्यो । त्यसै गरी माथिल्लो कमाण्डरले पनि आफ्नो 'करिअर' जोखिममा राखेर नैतिक दायित्वका आधारमा स्थानीय कमाण्डरलाई आवश्यक मद्दत गर्ने अधिकार दिएर जंगी अड्डालाई जानकारी गराउन सक्थे । तर संवैधानिक प्रावधान र पुरानो अडानका कारण सेना परिचालन हुन सकेन ।

## *होलेरी घटना*

२०५८ असार २८ गते नेकपा-माओवादीले रोल्पा जिल्लाको होलेरी प्रहरी चौकीमाथि आक्रमण गरी पाँच दर्जनभन्दा बढी प्रहरीलाई आफ्नो नियन्त्रणमा लिएका थिए । ती प्रहरीलाई छुटाउन नेपाली सेनाको एउटा प्लाटुन नफ्रीको

टुकडी होलेरीनजिक हेलिकोप्टरबाट झारियो । माओवादीले आत्तिएर सेनामाथि गोली हाने र सैनिक टुकडीलाई घेर्न अगाडि बढे । सेनाले आत्मसुरक्षाका लागि केही राउण्ड बम वर्षाएपछि माओवादीहरू रोकिएको र सेनाले पूरा 'फायर पावर' नचलाएको पाइन्छ । आत्मरक्षाको लागि सेनाले पूरा फायर खोलेको भए माओवादीतर्फ ठूलो क्षति पुग्ने थियो ।

झडप अनायस हुन पुगेको बुझी केही समयको गतिरोधपश्चात् दुवै पक्ष एक किसिमको समझदारीमा पुगेको बुझिन्छ । थप सेना लिएर गएको हेलिकोप्टरमा माओवादीले फायरिङ गर्दा पाइलट र एक सिपाही घाइते हुनुका साथै सुरक्षाको लागि गएको हतियारधारी हेलिकोप्टरमाथि माओवादीले फायर गर्दा पनि सेनाले जवाफी फायर नगरेको देखिन्छ । त्यसवेला सेना कारबाहीमा उत्रिएको भए सायद अहिलेको राजनीतिक सन्तुलनसमेत फरक हुने थियो ।

होलेरी घटनाबारे तत्कालीन प्रधानमन्त्री तथा रक्षामन्त्री गिरिजाप्रसाद कोइरालालाई ब्रिफिङ भएपश्चात् उनले सेना परिचालन गरी माओवादीविरूद्ध कारबाही गर्ने आदेश दिएको बुझिन्छ । उनले यही घटनालाई माओवादीविरूद्ध सैनिक परिचालन गर्ने उपयुक्त अवसरको रूपमा लिएका हुन सक्छन् । तर प्रधानमन्त्रीले यस्तो आदेश आफ्नै निर्णयमा मात्रै गरेका कारण सेनाले यसलाई न अवज्ञा गर्‍यो, न पालना । त्यसवेला माओवादीलाई घेर्न आवश्यक शक्तिका साथ सेना परिचालन भएको थिएन ।

वास्तवमा सेना तुरून्त परिचालन हुनसक्ने अवस्था थिएन । यसको वास्तविकताबारे केही दिनपछि माओवादीहरू होलेरीबाट दायाँ बायाँ भागिसके भन्ने समाचार आएपछि मात्र थाहा भयो । प्रधानमन्त्री तथा रक्षामन्त्रीले आफूलाई सेनाले झुक्याएको ठानी रूष्ट भएर यसलाई सेनाले नागरिक सरकारको आदेश पालना नगरेको मुद्दा बनाए । यही विषयलाई लिएर राजा र सेनाप्रति अप्रसन्नता व्यक्त गर्न र नागरिक सर्वोच्चता स्थापित गर्न भनी प्रधानमन्त्री कोइरालाले पदबाट राजीनामा दिए ।

तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११८ मा सेनाको सञ्चालन र प्रयोग प्रधानमन्त्री, रक्षामन्त्री र प्रधानसेनापति रहने राष्ट्रिय सुरक्षा परिषद् (रासुप) को सिफारिसमा राजाबाट गरिने उल्लेख थियो । त्यसवेलाको संविधानले 'सब्जेक्टिभ सिभिलियन कन्ट्रोल' को सिद्धान्तअनुसार रासुपमार्फत सेनामाथि संवैधानिक नियन्त्रण राख्न खोजेको पाइन्छ । तर सेनामाथि नागरिक सर्वोच्चताको विषय चाहिं राजा स्वयं सेनाको परमाधिपति रहेको कारण आफैं निस्तेजप्रायः भएको पाइन्छ ।

तत्कालीन संविधानले प्रधानमन्त्रीलाई रासुपमार्फत राजामा सेना परिचालनको लागि सिफारिस गर्ने अधिकार दिएको थियो । तर प्रधानमन्त्री स्वयंलाई सेना परिचालनको लागि आदेश दिनसक्ने अधिकार भने दिएको थिएन । होलेरीमा प्रधानमन्त्रीको आदेशमा सेना परिचालन हुन नसकेको वा नमानेको कारण पनि यही थियो । सेनाले संविधानमा व्यवस्था भएअनुसार आदेश पाउनुपर्नेमा त्यसो नभई प्रधानमन्त्रीको ठाडो आदेश मान्नुपर्ने बाध्यात्मक अवस्था थिएन ।

संविधानले नागरिक नियन्त्रणको लागि प्रस्ट संवैधानिक प्रावधान राखेको कारण त्यो घटनामा सेनाले नागरिक नियन्त्रणको अवज्ञा गरेको भनेर सरल अर्थ मात्र लगाउन मिल्दैन । संवैधानिक प्रक्रिया पूरा गरी सेना परिचालनको आदेश दिन प्रधानमन्त्रीलाई किन समस्या पर्‍यो वा उनले यो किन आवश्यक ठानेनन् ? यो एउटा प्रश्नकै रूपमा रहेको छ । वास्तवमा समस्याको मूल मुद्दा भनेको सेनाले गरेको अवज्ञाको विषय होइन । यो संविधानमा भएको राजा तथा परमाधिपति मात्रको सेना परिचालन गर्न पाउने अन्तिम अधिकारमाथि नागरिक अधिकारवालाको विमति हो र यसैको विरोधमा देखाइएको अभिव्यक्ति मात्र हो ।

यस्तो स्थितिको सिर्जना हुनुको अर्को कारण चाहिं नागरिक सरकारले सेनालाई आफ्नो विश्वासमा लिने प्रयास नगर्नु र राजाको सेना भनेर एक किसिमबाट बहिष्कारजस्तै गर्नु हो । त्यसैले पनि त्यो अवधिमा नागरिक-सेना सम्बन्ध ठीकै मात्रै थियो भनेर भन्न सकिन्छ ।

### *दाङ घटना*

२०५८ मंसिर ८ गते राति दाङ जिल्लाको सदरमुकाम घोराहीस्थित सेनाको गुल्मस्तरको ब्यारेकमा माओवादीले आक्रमण गरे । सैनिक ब्यारेकमा माओवादीको यो पहिलो आक्रमण थियो । लड्नु पर्ने मनस्थितिमा नरहेको सेनामाथि अचानक आक्रमण हुँदा गुल्मपतिसहित केही जवानले वीरगति प्राप्त गरेका थिए । भोलिपल्ट बिहान विद्रोहीहरू सेनाबाट लुटिएको आधुनिक हतियार, गोलीगट्ठासहित विना अवरोध बाटो लागे । तर, सेनाले तीन दिनसम्म कुनै किसिमको प्रतिकार गरेन । मंसिर ११ गते संकटकाल घोषणा भएपश्चात् मात्र सेना परिचालन भयो, जुनवेला धेरै ढिला भइसकेको थियो ।

दाङमा आक्रमण भएको तीन दिनसम्म केही कारबाही गर्न नसक्नुमा जंगी अड्डा मुख्य दोषी देखिन्छ भने त्यसवेलाको नेतृत्वको कमजोरी पनि प्रस्ट हुन्छ । यसबाहेक अन्य तीनओटा प्रवृत्तिगत कारण पनि देखिन्छन् :

- विश्वासमा भरपर्ने 'मेक बिलिभ सिन्ड्रोम' : माओवादीले आफूमाथि कहिल्यै आक्रमण गर्ने आँट गर्दैनन् भन्ने विश्वास सेनामा स्थापित भएको थियो । किनभने फौजी दृष्टिबाट माओवादीमा सेनासँग लड्न सक्ने क्षमता वास्तवमै थिएन । अर्कोतर्फ माओवादी विद्रोह एउटा राजनीतिक समस्या भएकाले यसलाई कुनै न कुनै राजनीतिक उपायद्वारा नै समाधान गरिनुपर्ने सेनाको मान्यता थियो । यसको अर्थ सेनाले माओवादीविरूद्ध लड्नुपर्ने अवस्था आउँदैन भन्ने ठानेको थियो ।
- हरहालतमा प्रतिरोध गर्ने 'रेजिस्ट एट अल कष्ट सिन्ड्रोम' : माओवादीविरूद्ध आफूलाई परिचालन गर्ने सरकारको आशयप्रति सेनाले केही सर्त राख्दै आएको थियो । त्यसका निम्ति खास गरी सर्वदलीय सहमति चाहिने र त्यसो नभए परिचालन हुन नसक्ने अडान र अनुरोध सेनाको थियो । यसैलाई मुख्य आधार मानी सर्वदलीय सहमतिबेगर हरहालतमा परिचालनको प्रतिरोध गर्ने मानसिकता सेनाले बनाएको थियो ।
- अटल मानसिकताको 'सेट माइन्ड सिन्ड्रोम' : सेना आफ्नो परिचालन संविधानअनुसार राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसपश्चात् राज्यको स्वीकृतिबाट मात्र हुन्छ भन्ने मानसिकतामा अडिग थियो । त्यसले गर्दा अन्य विकल्प सोच्न नसक्ने अवस्थामा रहेकाले आत्मसुरक्षाको लागि परेको वेला प्रत्याक्रमण गर्नबाट समेत सेना चुक्यो ।

सेनालाई संविधानले आक्रमण गर्ने अनुमति नदिए पनि प्रत्याक्रमण गर्न बन्देज थिएन । आफूमाथि आक्रमणपश्चात् आत्मरक्षाको लागि सेना परिचालन हुनसक्थ्यो । यदि भोलिपल्ट बिहानबाटै सेना प्रतिकारमा परिचालन हुन सकेको भए पूरै लडाइँले अर्को मोड लिन सक्थ्यो । सेनाले त्यही वेला धावा बोलेको भए त्यसवेलाको माओवादी शक्तिले थेग्न सक्ने अवस्था थिएन र सेनाको पूरैजसो हतियार फिर्ता हुन सक्थ्यो । माओवादीलाई बाध्य पारी राजनीतिक सहमतिमा ल्याउन सकिन्थ्यो । इतिहासमा 'यदि' र 'सायद' भन्ने कुरा त हुँदैन तर विश्लेषण भने गर्न सकिन्छ ।

दाङ घटनाबाट यो स्पष्ट हुन्छ कि परेको वेला आफ्नै लागि समेत परिचालन हुन नसक्ने सेनाले होलेरी र दुनैका घटनामा परिचालन नभएकोमा अचम्म मान्नुपर्ने अवस्था देखिँदैन ।

### *प्रधानसेनापति प्रकरण*

नागरिक-सेना सम्बन्धका विषयमा प्रत्यक्ष तथा परोक्ष अनेक उतारचढाव हुँदै जाने क्रममा २०६५ सालको अवधि भने सबभन्दा खराब रह्यो । सम्बन्ध कतिसम्म बिग्रन गयो भने नेकपा-माओवादी नेतृत्वको तत्कालीन सरकार र नेपाली सेनाबीच संस्थागत हिसाबले नै भिडन्तको अवस्था सिर्जना भयो । सेनामा नयाँ भर्ना, आठ सहायक रथीको पदावधिको विषय र राष्ट्रिय खेलकुदमा माओवादी सेनाको सहभागिता र त्यसप्रति विरोध जनाउँदै नेपाली सेनाबाट भएको केही खेल बहिष्कारलगायतका विषयलाई लिएर सरकार र सेनाबीचको असमझदारीमा पूरै देशको मत विभाजित भएको पाइयो । यी मुद्दाहरूसँग माओवादीले उठाएको नागरिक सर्वोच्चता र नागरिक नियन्त्रणका विषयले पनि राष्ट्रिय मुद्दाकै रूप धारण गर्‍यो ।

नागरिक सर्वोच्चता र नागरिक नियन्त्रणकै नाममा माओवादी सरकारले प्रधानसेनापति रूक्मांगद कटवाललाई निलम्बन गरी रथी कुलबहादुर खड्कालाई कामु प्रधानसेनापतिमा नियुक्ति गर्‍यो । तर, सोही रात राष्ट्रपतिको लिखित आदेशमा प्रधानसेनापति कटवाललाई नै निरन्तरता दिइएबाट माओवादी सरकारको मुद्दा सेनाबाट देशको राष्ट्रपतिसम्म पुग्न गयो । सेनापति प्रकरणमा र राष्ट्रपतिको कदमविरूद्ध माओवादीले उठाएको नागरिक सर्वोच्चताको मुद्दा यति विवादित भयो कि पछि यसैलाई प्रतिष्ठाको विषय बनाएर माओवादी अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री पदबाट राजीनामा दिए । माओवादी नेतृत्वको सरकार नौ महिनामै ढल्यो । माओवादी नेतृत्वको सरकारको कार्यकालमा जस्तो अति खराब नागरिक-सेना सम्बन्ध नेपालकै इतिहासमा कहिल्यै देख्नु परेको थिएन ।

## नागरिक-सेना सम्बन्धका अवरोध

नागरिक-सेना सम्बन्धमा अवरोधको कारण बुझ्न नेपालको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र राजनीतिक मानसिकतालाई समेत बुझ्न र विश्लेषण गर्न जरूरी हुन्छ । यिनीहरूकै प्रभावका कारण सिर्जना भएका अवरोधहरूलाई यसरी हेर्न सकिन्छ :

- एउटा अवरोध सेना र सरकारबीच सिर्जित अहम् हो । यस्तै समस्या सैनिक नेतृत्व र राजनीतिक नेताहरूबीच पनि भएकाले अवरोध बढेको हो । जस्तो २०६५ सालमा माओवादी नेतृत्वको सरकारका पालामा प्रधानसेनापति कटवाल

तथा रक्षामन्त्री रामबहादुर थापा र पछि गएर प्रधानमन्त्री पुष्पकमल दाहालबीच देखिएको व्यक्तिगत टकरावलाई लिन सकिन्छ ।

- अर्को अवरोध भनेको २०६५ सालअघि सेनालाई राजाको सेना र राजाप्रति मात्र बफादार र जनताप्रति बफादार नभएको भन्ने लाञ्छना र यही आधारमा सरकारले गर्ने गरेको पूर्वाग्रही व्यवहार हो ।
- सेना र सैनिक अधिकृतबारे सरकार र आम नागरिकको कम बुझाइ र यही कारण सिर्जना हुने गरेको असमझदारी अर्को अवरोध हो ।
- आम समाजबाट अलग्गै रहने-बस्ने सेनाको संस्कार तथा नागरिक र नागरिक समूहसँग हेलमेल गर्न अप्ठेरो मान्ने संस्कार अवरोधको अर्को कारण हो ।
- राणाकालीन संस्कार, विदेशी तथा राजनीतिक नेतासँग सम्पर्कमा बन्देज र विशिष्ट वर्गहरूको विशेष प्रभावमा हुर्किएको सेनाको आनीबानी र जीवनशैली पनि धेरै हदसम्म अवरोधको कारण बनेको हो ।
- सेनाबाट आफूलाई समाजमा चिनाउने प्रयास नहुनु र आम नागरिकले सेनालाई पुरानै दृष्टिकोणबाट मूल्यांकन गरी ज्ञान बुद्धि कम भएको आकलन गर्नु पनि अवरोधको एउटा आयाम हो ।
- कमजोर रक्षा मन्त्रालय र नागरिक-सेना सम्बन्ध सुधारको काममा जंगी अड्डाबाट खासै पहल नहुनु पनि अवरोधको कारण हो ।

नागरिक-सेना सम्बन्धका यी अवरोध बुझेपछि यसलाई न्यूनीकरण तथा निराकरण गर्न निम्न उपाय अपनाउन सकिन्छ :

(१) सेनाको भूमिकाबारे परिभाषा : बदलिँदो परिवेशमा नेपाली सेनाको भूमिकाबारे नयाँ परिभाषा जरूरी छ । राष्ट्रिय सेनाको भूमिका परिभाषित भइसकेपछि त्यसैअनुसार यसको क्षमता विकास गर्न पनि आवश्यक छ ।

(२) संवादको वातावरण विकास : यसका लागि सेना, रक्षा मन्त्रालय, नागरिक समुदायबीच निरन्तर संवाद, छलफल र विचार आदानप्रदान जरूरी हुन्छ । यस्ता अन्तर्क्रियाले एकआपसको ताकत र कमजोरी बुझिन्छ, असमझदारी हट्छ र क्रियात्मक सम्बन्ध बढी उत्पादनमूलक हुन्छ ।

(३) आपसमा पहिचान बढाउने : सेनालाई हेर्ने आम दृष्टिकोण अझै पुरातनवादी छ । आमनागरिक र विशेषतः विद्वत वर्ग सेनालाई हेर्ने पूर्वाग्रही भावनाबाट मुक्त हुन जरूरी छ । सेनाका अधिकृत तथा जवानहरू शिक्षित, बाह्य संसार

देखेका, संवेदनशील, कुरा बुझ्ने र जिम्मेवार भइसकेका छन् । सेनाले पनि नागरिक समुदायलाई अझ राम्रोसँग चिन्न र बुझ्न जरुरी छ ।

(४) विश्वास बढाउने : सेना र नागरिक समुदायबीच विश्वासको वातावरण बढाउन निम्न पहलहरू जरुरी देखिन्छ ।

- सेनामा प्रजातान्त्रीकरण : प्रजातन्त्रको राजनीतिक परिभाषा, व्याख्या र अभ्यास चाहिं सेनामा लागु हुँदैन । कतिपय अवस्थामा त भन्ने पनि गरिन्छ कि सेनामा प्रजातन्त्र भन्ने नै हुँदैन । तापनि प्रजातन्त्रका मुख्य गुणहरू जस्तो पारदर्शिता, जवाफदेहिता र प्रजातान्त्रिक अभ्यासबाट चुनिएको सरकारको अधीनस्थ भई काम गर्ने, नागरिक नियन्त्रणलाई मान्ने, साथै सेनाको मूल्य मान्यतालाई जोगाउने विषय आत्मसात् गर्न सक्नु नै सेनामा प्रजातान्त्रीकरण हुनु हो ।
- सेना समायोजन : नेपाली सेनाले नेकपा-माओवादी सेनाका लडाकुहरूलाई सुरक्षा निकायमा समायोजन गर्ने विषयमा सकारात्मक धारणा राख्दा विश्वासको वातावरण विकास गर्न ठूलो सहयोग पुग्छ । त्यसै गरी द्वन्द्वका वेलाका माओवादी र सेना दुवैतर्फबाट हुन गएको घटनाका पीडकलाई न्यायिक कारबाही र पीडितलाई यथोचित क्षतिपूर्ति दिने कार्यमा पनि माओवादी पार्टी र सेनाले सकारात्मक भूमिका निर्वाह गर्न सके विश्वासको वातावरण बढ्न सहयोग पुग्छ ।
- सेनाको छविमा बढोत्तरी : यसका लागि सेनाको विद्यमान छविमा अझ सुधार गरी बढोत्तरी गर्न जरुरी छ । राष्ट्रिय विकास निर्माण कार्यमा अझ बढी संलग्नता, शान्ति सेनालगायत मानवीय कार्यहरूमा सशक्त सहभागिताका साथै नागरिक-सेना सम्बन्धलाई नागरिक-सेना सहयोग र सहकार्यमा बदल्न जरुरी छ ।

नागरिक सर्वोच्चताको अभ्यास एकआपसमा प्रतिस्पर्धा गर्नेभन्दा पनि आपसमा विश्वास बढाउने उद्देश्यका साथ गर्नुपर्छ । नागरिक नियन्त्रणका नाउँमा सेनालाई हेप्ने, न्यूनीकरण गर्ने, सेनाको स्थापित मूल्यमान्यता र संस्कार बिथोल्नेलगायत व्यक्तिविशेषको मानमर्दन गर्नेभन्दा सेना र नागरिक अधिकारीबीच समन्वयात्मक सहकार्य बढाउन जरुरी छ ।

देशमा अन्य सुरक्षा निकायले धान्न नसक्ने गरी अराजकता फैलिन गएमा प्रजातान्त्रिक सरकारले सेनालाई आन्तरिक सुरक्षाका लागि अन्तिम शक्तिको

रूपमा प्रयोग गर्न सक्छ । यसैले सेना र नागरिकबीच सम्बन्ध विकास गर्न सामाजिक संरचनाभित्र संस्कृति, राजनीति, मानसिक र दर्शनसमेतको क्रियात्मक तालमेल आवश्यक हुन्छ ।

## नागरिक–सेना सम्बन्ध विकासका तरिका

प्रभावकारी ढंगले नागरिक-सेना सम्बन्ध विकास गर्न निम्न संयन्त्र/तरिकाहरू उपयोगी हुन्छन् :

(१) राष्ट्रिय सुरक्षा परिषद् (रासुप) को पुनःसंरचना : अन्तरिम संविधान, २०६३ अन्तर्गत गठित रासुप व्यावहारिक हुनुभन्दा पनि राजनीतिक सहभागिता पुऱ्याउने उद्देश्यले बनेको देखिन्छ ।[९] यसले मुलुकका अहम् निर्णयहरू गर्न गाह्रो पर्छ । यसैले यसको संरचनालाई व्यावहारिक ढंगबाट काम गर्नसक्ने र स्थापित मापदण्डअनुसारको बनाउन जरूरी छ ।

(२) राष्ट्रिय सुरक्षा सल्लाहकारको चयन : सुरक्षा निकायहरूबीच संयोजन गर्न र राष्ट्रिय सुरक्षाका मुख्य मुद्दाहरूमा प्रधानमन्त्रीलाई सुझाव दिन यस्तो नियुक्ति आवश्यक भइसकेको छ तर त्यस्तो पदमा राजनीतिक दलका नेता वा कार्यकर्तालाई ल्याउन हुँदैन ।

(३) राष्ट्रिय सुरक्षा नीति : यो नीति संविधानपछिको दोस्रो महत्त्वपूर्ण राष्ट्रिय दस्तावेजका रूपमा तर्जुमा गरिनुपर्छ । केही वर्षअघि नेपालको राष्ट्रिय सुरक्षा नीतिको मस्यौदा तयार भइसकेकाले अब यसैलाई परिमार्जन, सुधार गरी आधिकारिक सरकारी दस्तावेजको रूप दिन सकिन्छ ।

(४) रक्षा क्षेत्रमा सुधार : यसका निम्ति निम्न कदम आवश्यक छन् ।

- रक्षा मन्त्रालय : नेपालको रक्षा मन्त्रालयको संरचनामा सुधार तथा यसको अधिकार-कर्तव्यबारे पुनःव्याख्या जरूरी छ । यसलाई एकीकृत ढंगको संरचनामा ढाल्नु पनि जरूरी छ, ताकि रक्षा विषयमा दखल भएका निजामती तथा सेनाका अधिकृतसहितको संरचना बनोस् ।

---

[९] नेपालको अन्तरिम संविधान, २०६३ अनुसार बनेको राष्ट्रिय सुरक्षा परिषद्को संरचना यस्तो छ : प्रधानमन्त्री अध्यक्ष, रक्षामन्त्री, गृहमन्त्री र प्रधानमन्त्रीद्वारा तोकिएका तीन मन्त्रीहरू सदस्य र रक्षा मन्त्रालयको सचिव परिषद्को सचिव रहने व्यवस्था छ ।

यसले सेनामा निजामती नियन्त्रण र रक्षा नीति तथा योजनाका विषयमा रक्षा मन्त्रालयको प्रभावकारिता बढाउनेछ ।

- नेपाली सेना : सेनाभित्रका केही गलत संस्कार र अप्रजातान्त्रिक अभ्यासलाई हटाउन जरूरी छ । विधि तथा पद्धतिअनुसार काम गर्ने संस्कारको स्थापना र विकास तथा पारदर्शी ढंगको कार्य सञ्चालनलाई अभ्यासमा ल्याउन सके यो सम्भव छ ।

(५) विषयको अध्ययन तथा खुला बहस : नागरिक-सेना सम्बन्ध नेपाली परिवेशमा नौलो भएकाले यसले समाजको धेरै क्षेत्रको ध्यानाकर्षण गर्न थालेको छ । यसैले यससम्बन्धी अध्ययन, छलफल र खुला बहसलाई प्रोत्साहन गर्नु जरूरी छ । यिनै अभ्यासबाट नेपालको आवश्यकताअनुसार उपयुक्त सम्बन्धको खाका कोर्न सकिन्छ । नेपाली सेनाका अनेक विषय तथा काम-कारबाहीबारे बहस र खुला छलफल गर्ने वेला आइसकेको छ । प्रजातान्त्रिक अभ्यासमा करदाताहरूको पैसाले पालिने सेना उक्त खर्चप्रति उत्तरदायी हुनै पर्छ । यस्ता अन्तर्क्रियाहरूबाट सेनाको काम-कारबाहीको औचित्य पुष्टि हुनुका साथै छवि विकास हुन्छ ।

(६) नागरिक समाज : नागरिक-सेना सम्बन्धको विकासमा नागरिक समाजको भूमिका महत्त्वपूर्ण रहन्छ । सुरक्षा क्षेत्र सुधारका विषयमा नागरिक समाजले निगरानी राख्ने हिसाबले 'वाचडग' तथा 'ह्विसल ब्लोअर' को काम गर्छन् भने साझेदार सरोकारवाला भई सुधारको लागि वकालत पनि गर्न सक्छन् । सशक्त र विकसित नागरिक समाजले आम बहसको कार्यक्रम, स्थानीय समूहको प्रतिनिधित्व, संवादको सहजीकरण, सरकारसँग साझेदारी र सहकार्यजस्ता काम पनि प्रभावकारी ढंगबाट गर्न सक्छन् ।

(७) अनौपचारिक पहल : नेपालमा 'ट्र्याक-१', 'ट्र्याक-२' तथा 'ट्र्याक-३' जस्ता अनौपचारिक पहलहरू अभ्यासमा खासै आउन सकेका छैनन् । यस्ता अनौपचारिक पहलले नागरिक-सेना सम्बन्ध विकासमा ठूलो सहयोग पुर्‍याउन सक्छन् । यस किसिमको कम खर्चिलो तर धेरै लाभ दिने प्रयासले जनतालाई सुरक्षा क्षेत्रका राष्ट्रिय मुद्दाहरूमा समेत सहभागी हुन मद्दत पुर्‍याउँछ । सुरक्षासम्बन्धी परम्परागत भूमिकालाई पुनः सूत्रबद्ध गरी प्रजातान्त्रिक प्रक्रिया, विकास तथा राष्ट्रिय सुरक्षा विषयहरूको पुनःसंरचना गर्न/गराउनमा समेत सहयोग पुर्‍याउँछ ।

## निचोड

संयुक्त राज्य अमेरिकामा अहिले पनि महत्त्वपूर्ण सामरिक निर्णयहरू गर्ने काममा जर्नेलहरूकै मुख्य हात रहेको पाइन्छ । तर बुझाइमा भने यस्ता सामरिक निर्णय अमेरिकी नागरिक नेतृत्वबाटै हुनुपर्ने र निजहरूले नै यसको जिम्मेवारी लिनुपर्ने भन्ने छ । पछिल्लो कालखण्डमा अमेरिकी परराष्ट्र तथा रक्षा नीतिसमेत वासिङ्टनमा नागरिक नेतृत्वले भन्दा युद्धभूमिमा सेनाले तयार पार्ने अभ्यास बढ्दो छ । यसैले आउँदा दिनहरूमा परिष्कृत, एकीकृत र ठूला सामरिक योजनाहरू तयार पार्दा अमेरिकी राष्ट्रपतिको परिभाषाअनुसार उनको मन्त्रीमण्डलका सदस्यहरू र नागरिक तथा सैनिक विज्ञहरूको सहभागिता र सल्लाहमा गर्नुपर्ने सुझावहरू आएका छन ।[१०]

यसबाट के बुझ्न सकिन्छ भने अमेरिका जस्तो देश, जो आफैं नागरिक-सेना सम्बन्धका सिद्धान्तहरूको निर्माता र प्रवाहक हो, त्यहाँ पनि नागरिक सर्वोच्चता र यसको अभ्यास सजिलो छैन । यसैले नेपालमा नागरिक सर्वोच्चताको अवधारणाबारे प्रस्ट नीति तयार नहुन्जेल अभ्यासमा ल्याउन खोज्नु वा पार्टी विशेषको परिभाषाअनुसार लागु गर्न खोज्नु अपरिपक्व र हतारको काम हुनेछ । नागरिक सर्वोच्चताको सिद्धान्त र यसको पूरक सिद्धान्तको रूपमा रहेको सेनामा नागरिक नियन्त्रण नौलो र विगतमा खासै बहस नभएको विषय हो ।

नागरिक सर्वोच्चता भन्ने वाक्यांश सुन्न थालिएकै धेरै भएको छैन । माओवादी नेतृत्वको सरकारद्वारा प्रधानसेनापति रूक्मांगद कटवाललाई खोसुवा र राष्ट्रपतिद्वारा पुनःनियुक्तिपछि यो चर्चित बन्न पुगेको हो । मन्त्रिपरिषद्का अन्य सदस्यले बहिष्कार गरेको अवस्थामा माओवादी पार्टीका मन्त्रीहरूले मात्र गरेको निर्णय र त्यो सरकारी निर्णयलाई निस्तेज पार्ने गरी राष्ट्रपतिको लिखित आदेश बहसको विषय हो । तर हरेकले नागरिक सर्वोच्चताको विषयलाई आ-आफ्नै ढंगबाट परिभाषा तथा व्याख्या गर्ने र यही कारण संसदसमेत अवरूद्ध गर्ने छुट चाहिं कसैलाई हुनु हुँदैन । यस्ता विवादको टुंगो सर्वोच्च अदालतबाट गर्न उपयुक्त हुन्छ ।

अहिलेको परिवेशमा नागरिक सर्वोच्चतालाई सेनामाथि कसको नियन्त्रण रहने भन्ने जस्तो एउटा मात्र मुद्दामा केन्द्रित भएर हेर्न मिल्दैन । नागरिक सर्वोच्चता भनेको विद्यमान विवादहरूलाई सुझबुझपूर्ण तथा अहिंसाको मार्गबाट

---

[१०] संयुक्त राज्य अमेरिकाको संविधानको परिच्छेद १ ले त्यहाँको कंग्रेसलाई युद्ध घोषणा गर्ने शक्ति दिएको छ । परिच्छेद २ ले अमेरिकी राष्ट्रपतिलाई सेनाको कमाण्डर-इन-चीफ तोकेको छ ।

निराकरण गरी देशमा स्थायित्व ल्याउने हो । यो राजनीतिज्ञ तथा सरकारी अधिकारीहरूको लगनशीलतामा समाज परिवर्तन गरी सामाजिक, आर्थिक तथा राजनीतिक विकास गर्ने विषय हो । नागरिक सर्वोच्चता भनेको यिनै किसिमका सकारात्मक राजनीतिक संस्कार हुन् । नागरिक सर्वोच्चताको अभ्यास विभिन्न देशमा विद्यमान सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवेशका आधारमा फरकफरक ढंगबाट गरेको पाइन्छ । नेपालमा पनि देश, परिस्थिति सुहाउँदो नागरिक सर्वोच्चता र निजामती नियन्त्रणको अभ्यास लागु गर्नु उपयुक्त र व्यावहारिक हुन्छ ।

विगतका राजनीतिक परिवर्तन र सामरिक घटनालाई नियाल्दा नेपालको नागरिक-सेना सम्बन्धलाई शंका, अनुमान र फाइदाका दृष्टिले हेर्नुपर्ने हुन्छ । माओवादी युद्धको समयमा नेपाली सेना एकजुट भई अराजनीतिक फौजको रूपमा खडा भएका कारण धेरै ठूलो उत्पात हुन पाएन । सेनाको यही चरित्रलाई हेरेर पनि अबका दिनमा यसलाई 'अब्जेक्टिभ सिभिलीयन कन्ट्रोल' को सिद्धान्तअनुसार एक व्यावसायिक सेनाको रूपमा विकास गर्न जरूरी छ । सेना यस्तो बनाउनु पर्छ, जो राष्ट्रिय सुरक्षासम्बन्धी नीति बनाउँदा सहयोगी हुने तर प्रभुत्व नजमाउने, राष्ट्रलाई आवश्यक परेको वेला भयानक प्रतिकारयोग्य फौजको रूपमा प्रस्तुत हुने, आम जनताको संरक्षक र आपत पर्दा आमजनतासँग हातेमालो गरी सहकार्य गर्ने हुनुपर्छ । एउटा भनाइ छ – एउटा द्वन्द्व वा भिडन्तभन्दा हजारौं बैठक, छलफल, संवाद र वार्ता फाइदाजनक हुन्छ । त्यसैले अबका दिनमा पूर्वाग्रही मानिसकताबाट माथि उठी राजनीतिक नेता र सैनिक नेतृत्वबीच विश्वास बढाउने कार्य हुनुपर्छ, न आरोप-प्रत्यारोप आदानप्रदान गर्नमा समय खर्चिन उपयुक्त हुन्छ ।